**प्रश्न नं. ७३**

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

**(कक्षा रोल्नं. ८७८४ देखि ८९०५ सम्मका विद्यार्थीहरुका लागी मात्र)**

मानसिंह ठगुन्नाको जाहेरीले नेपाल सरकार
बिरुद्ध
दार्चुला जिल्ला खार गाउँपालिका वडा नं. ८ घर भई हाल थुनामा रहेको चक्रसिंह ठगुन्ना
मुद्दाः-ज्यान सम्वन्धी कसूर

१) मिति २०७५।८।६ गते मेरो सहोदर भान्जा भगतसिंह ठगुन्नाको विवाह भएको हुँदा निमन्त्रणामा भाइ जय रामसिंह ठगुन्नासमेतका व्यक्तिहरू गएका थिए । सोही राति चक्रसिंह ठगुन्नासमेतका व्यक्तिहरूले विवाद गरी भाइ जयरामसिंह ठगुन्नालाई धारिलो हतियार छुरा प्रहार गरी घाइते बनाई भाइ जयरामसिंह ठगुन्नाको घटनास्थलमा मृत्यु भएकाले आवश्यक कारवाही गरिपाउँ भन्नेसमेत व्यहोराको मानसिंह ठगुन्नाको जाहेरी दरखास्त ।

२) पदमसिंह ठगुन्नाको पसलका उत्तरतर्फ पानी धाराको छेउमा जयरामसिंह ठगुन्नाको लास रहेको, लासमा रहेका कपडाहरू रगतले भिजी रगताम्य अवस्थामा रहेका, जयरामसिंह ठगुन्नाको घाँटीको बायाँ साइडमा १ इन्च चौडाई ३ इन्च गहिराई र बायाँ हातको पाखुरामा समेत धारिलो हतियारको जस्तो घाउ भएको भन्ने घटनास्थल तथा लास प्रकृति तथा घटनास्थलमा फेला पारिएका कपडाहरू बरामद गरेको बरामदी मुचुल्का ।

३) राति पदमसिंह ठगुन्नाको पसल अगाडिबाट हो हल्ला भए पश्चात मसमेत हो हल्ला भएको स्थानमा गई मामालाई को कसले कुटपीट गरेको भन्दा मामा जयरामसिंह ठगुन्नाको साथमा रहेका वीरेन्द्रसिंह ठगुन्नाले विड भएको धारिलो हतियारले मेरो टाउकोमा प्रहार गर्दा मैले छेक्न खोज्दा मेरो हातमा र टाउकोमा समेत लाग्न गई मेरो टाउको र हातबाट रगत बगी म रक्सीको नशामा भएकाले वीरेन्द्रसिंह ठगुन्नाको हातबाट धारिलो छुरा मैले खोसी वीरेन्द्रसिंह ठगुन्नालाई हिर्काउन खोज्दा अचानक जयरामसिंह ठगुन्नालाई लाग्न गई घाइते भई तत्काल घटनास्थलमा मृत्यु भएको थियो, सोही क्रममा मैले पशुपती ठगुन्नालाईसमेत २ थप्पड हिर्काएको थिएँ भन्ने व्यहोराको चक्रसिंह ठगुन्नाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेका

४) पदमसिहँ समेतका व्यक्तिको मौकाको कागज

५) प्रतिवादी चक्रसिंह ठगुन्नाले अधिकारप्राप्त अधिकारीसमक्ष गरेको साबिती बयान, प्रत्यक्षदर्शी वीरेन्द्रसिंह ठगुन्ना, मृतककी छोरी पशुपती ठगुन्नासमेतका मानिसहरूको कागजात प्रमाणबाट यी प्रतिवादी चक्रसिंह ठगुन्ना कै हातबाट

**प्रश्न नं. ७३**

धारिलो हतियार प्रयोग गरी जयरामसिंह ठगुन्नाको मृत्युभएको हुँदा प्रतिवादी चक्रसिंह ठगुन्नाले मुलुकी अपराध संहिता २०७४ को दफा १७७ को विपरीत कसुर गरेको हुँदा सोही संहिताको दफा १७७(२) बमोजिम सजाय गरिपाउँ भन्ने व्यहोराको अभियोग मागदावी ।

६) प्रतिवादी चक्रसिंह ठगुन्नाले अदालतमा गरेको इन्कारी बयान ।

७) जाहेरवाला, मौकामा बुझिएका व्यक्तिहरु तथा प्रतिवादीको साक्षीको बकपत्र

८)दार्चुला जिल्ला अदालतको मिति को फैसला ।

९) उच्च अदालत, महेन्द्रनगरमा दायर गरेको पुनरावेदनपत्र ।